# स्थानीय राजपत्र


खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५) माकादुम, रामेछाप, असार १५ गते, २०७८ साल (संख्या २


## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७८ सालको ऐन नं. २**

**<u>विनियोजन ऐन, २०७८</u>**


खाँडादेवी गाउँपालिका

# खाँडादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** खाँडादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम खाँडादेवी गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भ: (१)**यस ऐनको नाम " खाँडादेवी गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८।०७९को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**:

(१)आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३८०७६६००० (अक्षेरुपी अक्षरेपी अठि्तस करोड सात लाख छैसठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त खाँडादेवी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो

शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

खाँडादेवी गाउँपालिका

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वितियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | आर्थिक विकास क्षेत्र | ८१५४ | १५७०० | | २३८५४ |
| २ | | सामाजिक विकास क्षेत्र | १५१६० | ३०४६० | | ४५६२० |
| ३ | | पूर्वाधार विकास क्षेत्र | | ६१९२९ | | ६१९२९ |
| ४ | | सुशाशन तथा अन्तरसम्बन्धित क्षेत्र | ३७५० | २४४५० | | २८२०० |
| ५ | | कार्यालय संचलान तथा प्रशासनिक | ७२५७५ | | | ७२५७५ |
| ६ | | समपूरक कोष | | ७७६८२ | | ७७६८२ |
| ७ | | लगानी (शेयर/ऋण) | | | | |
| कुल | | | ११४०९९ | २६६६६७ | | ३८०७६६ |

**सभाबाट पारित मितिः २०७८।०३।१०**

**प्रमाणीकरण मितिः २०७८।०३।१५**

**आज्ञाले,**

**विकास सुन्दास**

**प्रमुख प्रशासकीय अधिकृत**





खाँडादेवी गाउँपालिका